## सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

## पुल्चोक, ललितपुर

## कार्यालय र अन्य सामानहरु खरीद गर्ने सम्बन्धी

## बोलपत्र आव्हानको सूचना नं. DMLI०१/०७४/०७५

**(प्रकाशित मितिः-२०७४।०६।०३ गते)**

यस विभागको लागि तपसिलमा उल्लेखित सामानहरु आपूर्ति गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरूबाट शिलबन्दी वोलपत्र आव्हान गरिएकोछ।

१. वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म रु.३,०००।- (फिर्ता नहुने गरी) नगदै बुझाई वा कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको (यस विभागको कार्यालय कोड २८-३०५-०३) ने.बै.लि. गावहाल स्थित राजश्व खाता नं. १८०-४१-२४४० मा राजश्व रकम जम्मा गरेको सक्कल भौचर, अध्यावधिक नविकरण गरेको इजाजतपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०७२/७३ को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला विवरणको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि निवेदन साथ संलग्न गरि स्वयं बोलपत्रदाता उपस्थित भै यस विभागको खरिद इकाईबाट खरीद गर्न सकिनेछ।

२. वोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा कागजात वोलपत्रसाथ पेश गर्नु पर्नेछ।

३. वोलपत्र फाराम दर्ता गर्दा खामको बाहिर श्रीमान् महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग लेखी सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको १२:०० बजेसम्म यस विभागमा दर्ता गराउन वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइड www.bolpatra.gov.np बाट e-bidding गर्न सकिनेछ। e-bidding गर्दा धरौटी वापत वैंक जम्मा गरेको भौचर वा विडवण्ड स्क्यान गरि e-bidding file साथ संलग्न गर्नु पर्ने छ। यसरी दर्ता हुन आएका वोलपत्र फारामहरू ३१औं दिनको २:०० बजे यस विभागमा वोलपत्रदाता वा निजका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। वोलपत्रदाता वा प्रतिनिधिहरू उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै वाधा हुनेछैन।

४. वोलपत्र खरीद र दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उल्लेखित कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछन।

५. वोलपत्रदाताहरूले आफूले कवोल गरेको दररेट वोलपत्र फारामको प्रत्येक इकाई महल तथा जम्मा महलको अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ। वोलपत्र फारामको महलहरु नभरेमा फाराम मान्य हुनेछैन।

६. वोलपत्र फाराम साथ जमानत वापत तोकिएको रकम को.ले.नि.का. ललितपुरको एकल धरौटी खाता नं. ०१८०-५१-००१६८५६ (यस विभागको कार्यालय कोड २८-३०५-०३) मा जम्मा गरेको दोस्रो प्रति वैंक भौचर दाखीला गरेको वा मान्यता प्राप्त बैंकबाट यस विभागको नाममा जारी गरिएको वोलपत्र खोलेको मितिबाट कम्तिमा १२० दिनसम्म मान्य अवधी भएको विडवण्ड (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ।

७. विगत ३ वर्षको माल सामान र सम्वद्ध सेवाहरुको आपूर्ति सम्वन्धी कार्यानुभव प्रमाणपत्र तथा अन्य आवाश्यक प्रमाणहरु पेश गर्नु पर्नेछ ।

८. प्राप्त वोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बिभागमा सुरक्षित रहनेछ। रीत नपुगेका र म्याद नाघि आएका वोलपत्रहरू उपर कुनै कार्यवाही गरिने छैन।

९. वोलपत्र सम्बन्धी सूचना यस विभागको web site : www.dmli.gov.np मा समेत हेर्न सकिनेछ। साथै थप जानकारी आवश्यक परेमा यस विभागको टेलिफोन न.०१-५०१०२७७ मार्फत पनि बुझ्न सकिनेछ। अन्य कार्यविधिहरू सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित) तथा सार्वजनिक खरीद नियमावली, २०६४ (संशोधन सहित)अनुसार हुनेछ। वोलपत्र सम्बन्धी अन्य व्यवस्थाहरु वोलपत्र फाराममा उल्लेख भएको विशेष शर्त तथा साधारण शर्तहरुमा उल्लेख भए बमोजिम हुनेछ।

**तपशलि**

| सि.नं. | ठेक्का नं. | विवरण | जमानत रु. |
|---|---|---|---|
| ०१. | DMLI-01/074.75 | कार्यालय सामान सप्लाई र छपाई समेत। | रु.७७,०००।- |